**स्थानिय तहः सखुवा प्रसौनी गाउँपालिका**

**स्थानिय तहको ठेगानाः सखुवा प्रसौनी-२, पर्सा, मधेश प्रदेश, नेपाल**

**email:** sakhuwaprasaunimun@gmail.com, jdrope09@gmail.com

नामः ज्योती धमला

पदः रोजगार संयोजक

सम्पर्कः ९८४३२९६९०५

# बाटो मर्मत कार्यक्रम

सखुवा प्रसौनी गाउँपालिका यस पर्सा जिल्लामा अवस्थित १४ वटा स्थानीय तह मध्यको एक हो । हालै सार्बजनिक भएको जनगणनाको तथ्याङ्क अनुसार यस क्षेत्रमा ३५,३९९ ब्यक्तिहरुको बसोबास रहेको छ । उत्तर तर्फ पर्सा राष्ट्रिय निकुञ्ज सँग सिमा साझेदारी गरेको यस पालिकाको सानो भुगोल भित्र मधेशी, थारु, मुस्लिम तथा पहाडि समुदाएको समेत बसोबास रहेको पाईन्छ । सखुवा प्रसौनी गाउँपालिका आफैमा भौगोलिक बिकटता नरहेतापनी राजनितिक तथा प्रशासनीक दृष्टीकोँडबाट यो नीकै पिछएको थीयो । त्यसैगरी श्रमको दृष्टीकोँड बाट हेर्दा समेत यहाँ सम्मानजनक स्थिती थिएन । विद्यमान परीस्थितिलाई मध्यनजर गर्दा, श्रमको हकमा महिला र पुरुषमा हुने भेदभाव गहिरो रुपमा जकडिएको थियो ।

हाल यस पालिकामा बाटो मर्मतका आयोजनाहरु सञ्चालित छन्, जुन आफैमा अपरीहार्य छ । तथापी भुगोलको हिसाबले पनी यस्ता खालका योजनाहरु माटो सुहाँदो साबित भएका छन् ।यस आ. व. २०७९/०८० मा वडा नं. ४ र ६ मा सञ्चालन भईरहेको बाटो मर्मत कार्यक्रमले यस क्षेत्रमा भएका सम्पुर्ण कृषि सडकहरु मर्मत भएका छन् । युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनामा मर्मतका कार्यक्रमहरु मात्रै समेट्नु पर्ने भएको हुँदा पनि बाटो मर्मतले प्राथमिकता पाएको हो ।यद्यपि, यसैको फलस्वरुप यहाँ भएका कृषि उत्पादनले बजार सम्मको पहुँच पाएका छन् । बर्षौं अघि यी सडकहरु बनेका भएता पनी यस प्रती कसैको ध्यान जान सकेको भने थिएन र सडकहरु खण्डहरमा परीणत भएका थिए, तथापी रोजगार सेवा केन्द्रको स्थापना पस्चात यस्ता खालका योजनाले महत्व पाएका छन् । यस आ. व. २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बिश्व बैंकको सहयोगमा सञ्चालित युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको दश लाख बजेट छुट्याई सो आयोजना सञ्चालन भई सम्पन्न भैसकेको र हाल भुक्तानीको चरणमा रहेको छ । यस आयोजना युवा लक्षित र लैङ्गिक समनतामा आधारीत भएको हुँदा यसले अधिकाङ्स गृहिणि महिलाहरुलाई समेटी वित्तिय रुपमा सक्षमता प्रदान गरेको छ र यसले समाजमा महिला सशक्तिकरणका नारालाई समेत जिवन्त बनाएको छ ।

यस आयोजना सञ्चालन पश्चात कृषकहरुको खेत-बारीमा आवश्यक पर्ने मेशिनरी औजारहरुको सहज पहुँच हुन थालेका छन । जसले गर्दा कृषी उपजहरु भित्र्याउने तथा यसको ब्यवस्थापनका कार्यहरुमा सहजता प्रदान गरेको छ । यस आयोजनामा ५ जना पुरुष र ३५ जना महिला गरी जम्मा ४० जनाले औसत ४३ दिनमा सम्पन्न गर्ने गरी उपभोक्ता समिति गठन गरेर उक्त आयोजनाको जिम्मा लिएका थिए । हाल यो मूल्याङ्कन र भुक्तानीको चरणमा रहेको छ । त्यसैगरी यस पालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुनूअघि सम्म पुरुषको हकमा श्रमको केहि मुल्य रहेता पनि, महिलाहरु यो सुविधा बाट बञ्चित थिए । दैनिक ज्याला रकम रु. १५० देखि रु. २५० मा काम गर्ने गरेका ब्यक्तिहरु प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन पस्चात निकै लाभाम्बित भएको पनी देखिन्छ ।यहाँ रहेका पुरुष जनशक्तिहरुले समेत नेपाल सरकारले तोकेको न्युनतम ज्यालाकै लागी अन्यत्र जानुपर्ने बाध्यता बाट छुट्कारा प्राप्त गरेका छन् ।

यस कार्यक्रम बाट कृषकहरुले सबैभन्दा धेरै लाभ हासिल गरेका छन् । यद्यपी यस्ता कार्यक्रममा पालिकाले वा अन्य निकायले समेत लगानी साझेदारीमा तदारुकता देखाउँदा यसले थप प्रभावकारीता दर्साउनेमा दुईमत छैन । काम गर्ने अधिङ्कास श्रमिकहरु साक्षर नहुँदा केहि ब्यवस्थापकिय चुनौती रहेता पनी कामको प्रकृती राम्ररी बुझाईदिदाँ, सो कामप्रती धेरै जिम्मेवारी बोध गरेको पाईयो । साथसाथै, यस कामबाट प्रकृतिमा हुने दोहन तथा हानी नोक्सानी समेत न्युनीकरण गर्न मद्दत पुगेको देखिन्छ भने, दिगो विकासमा समेत टेवा पुगेको छ ।

६. फोटो




POCO F3 GT
19/04/2023 12:32